नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

प्रेस विज्ञप्ति

पत्र संख्याः-

च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार असार २७ गतेका दिन देशभरका विभिन्न सीमा नाकाहरूबाट ३,७०९ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन्। उक्त दिन ११८ जना विदेशी नागरिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र अन्य विभिन्न सीमा नाकाबाट नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता, नियम पालना र अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन नियमित अनुमगन भैरहेको छ। देशभर संक्रमितहरूमध्ये असार २७ गतेका दिन ३,३०४ जना सामान्य वेडमा, ६११ जना आइसियु वेडमा र २१७ जना भेन्टिलेटरमा उपचाररत रहेका छन्। हालसम्म निषेधको आदेश उल्लंघन गर्ने २,०२,०६३ सवारीसाधन र मास्क नलगाई हिंडडुल गर्ने ४,६७,०३७ जनालाई कारवाही गरिएको छ। विगत २४ घण्टामा १०८ सवारीसाधन र मास्क नलगाई हिँडडुल गर्ने ६६६ लाई कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि ६३,६८,७५५ थान विभिन्न मेडिकल उपकरण, ७,७३० के. जी. स्यानिटाइजर, ४८ के. जी. कोभिड-१९ टेष्ट किट लगायतका औषधीहरू पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्थामा रहेको छ। उपत्यकामा ५,२७२ सिलिण्डर र उपत्यका बाहिर ७,०३५ गरी कुल १२,३०७ अक्सिजन सिलिण्डरको उत्पादन भइरहेको छ। संयुक्त बजार अनुगमन टोलीद्वारा नियमित बजार अनुगमनको क्रममा स्वास्थ्य सामग्री फर्म र खाद्य सम्बन्धी फर्मको अनुगमन गरी रू. २० हजार जरिवाना गरिएको छ।

२०७८ असार २८

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np